# “नागरिकको सूचनाको हकको प्रचलनमा संचारकर्मीले निर्वाह गर्नु पर्ने महत्वपूर्ण भूमिका”

कृष्णहरि बाँस्कोटा

प्रमुख सूचना आयुक्त

२०७३ कार्तिक १९गते शुक्रबार

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

१. नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको कुरा संबिधानमा लेखिएको छ । यसर्थ नेपाली जनता यस मुलुकका मालिक हुन । जसको कारण उनीहरु मुलुक भित्र क्रियाशील सरकारी कार्यालय, राजनैतिक दल, गैह्र सरकारी संस्था, निजी क्षेत्र लगायत जो सुकैसँग रहेको जेसुकै बिषयको पनि सूचना माग्न र पाउन सक्षम छन् ।

२. सूचनाको हक नागरिकको मौलिक हक हो । यस हकको प्रचलनका लागि संबिधानको धारा १३३ बमोजिम सर्वोच्च अदालतबाट र धारा १४४ बमोजिम उच्च अदालतबाट बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी हुन सक्दछ ।

३. नेपालको संबिधानको धारा २७३ बमोजिम मुलुकमा संकटकाल घोषणा भएको अवस्थामा मात्रै मौलिक हक निलम्बन हुनेछ । यसबाट प्रष्ट हुन्छ, सामान्य अवस्थामा मौलिक हकसँग बाझिने गरी कुनै पनि बिषय-बस्तु गोप्य राख्ने गरी निर्माण भएका कानून मौलिक हकको अगाडि स्वतः निष्प्रभावी हुनेछ । कारण संबिधानमा लेखिएको छ- यो संबिधान नेपालको मूल कानून हो यससँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

४. संबिधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यशं 'तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्नाले क्षेत्रगत कानूनका गोपनीय प्राबधानलाई संरक्षण गरेको नभई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ को खण्ड (क) देखि (ङ) सम्मका ५ प्रकारका सूचनाको प्रबाहमा रोक लगाईएको मात्रै हो । यस बमोजिमको व्याख्या बिद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने मुद्दामा सर्वोच्च अदालतले आदेश जारी गरिसकेको छ ।

५. सामाजिक अनुबन्धको सिद्धान्त (Social Contract) बमोजिम राज्यको उत्पत्ती हुँदाका बखत नै सरकारले नागरिकबाट कर असुली गरी शान्ति सुरक्षा लगायतको काम गर्ने र शासकहरुले जनताप्रति उत्तरदायी हुने भन्ने सिद्धान्त कायम भएको हो ।

६. म्यागनाकार्टा, बिल अफ राईट्स, यूनिभर्सल डिक्लेरेशन अन ह्युमन राईट्स लगायतका दस्तावेजले प्रत्येक नागरिकमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने हक प्रदान गरेको छ । यो विश्वव्यापी स्तरमा लोकतन्त्रको न्यूनतम् शर्त हो । यस्तो हक/अधिकार नभएका मुलुकलाई लोकतान्त्रिक मुलुकको पंक्तिमा राख्न सकिन्न ।

७. नेपालको कानूनमा रहेको सूचना माग्ने र पाउने हक भित्रै प्रबाह गर्ने हक पनि पर्दछ । यो बिश्वव्यापी सर्वमान्य सिद्धान्त हो । तथापी नेपालमा राष्ट्रिय सूचना आयोगले आफ्नो आदेश मार्फत यसको व्याख्या गरिसकेको छ ।

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

८. युद्धको बखत, संकटकालीन अवस्था र संक्रमणकालीन व्यवस्थामा भएका खर्च र काम कारबाही सम्बन्धी सूचनामा पनि नागरिकको पहुँच पुग्ने सिद्धान्त सन् १७६६ मा स्विडेनमा प्रतिपादन भै यसको अनुसरण बिश्वव्यापीस्तरमा भएको हो ।

९. राज्य प्रणाली जनताले तिरेको करद्वारा संचालन हुने हुँदा कर तिर्ने जनताले आफूले तिरेको करबाट भएका खर्च र काम कारबाहीको सूचना जान्न र माग्न पाउने सिद्धान्त भर्जिनियाको कोर्ट/फ्रान्सको राज्य क्रान्ति लगायतबाट स्थापित भएको छ ।

१०. सार्वजनिक पदमा बसेका पदाधिकारीले तलब/सुबिधा पाउँछन् । सो रकम निजहरुको निजी सम्पत्ती भएकाले त्यसको बिल भर्पाई जनता सामू प्रस्तुत गर्नु पर्दैन । तर तिनै पदाधिकारीहरुले जब सार्वजनिक कामका लागि राज्यको ढुकुटीको रकम खर्च गर्दछन्, तब सो रकम खर्चको बिल भर्पाई तिनले सार्वजनिक गर्नु पर्छ । यो उनीहरुका लागि बाध्यकारी बिषय हो । नेपालमा २५ हजार माथिको खर्चको बिल वेव साईटमा राख्ने निर्णय भएकाले बिल माग्ने र पाउने/दिने बिषयमा द्विविधा छैन ।

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

११. नेपालको संबिधानले 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक' प्रदान गरेको छ। यसर्थ माग भएको सूचना मागकर्तासँग सरोकारको बिषय होईन वा सार्वजनिक सरोकारको पनि बिषय होईन भनी प्रमाणको भार पुऱ्याउने जिम्मेवारी सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ङ) पछिको प्रतिबन्धात्मक वाक्यशंले प्रष्ट गरेको छ। सार्वजनिक निकायमा रहेको साना-ठूला सबै सूचना स्वतः सार्वजनिक सरोकारको हुन्छन्, यसमा कुनै द्विविधा नै छैन।

१२. नेपालको संबिधानको धारा १६ देखि ४५ सम्म ३० किसिमका मौलिक हकको व्यवस्था गरिएको छ। नेपाली नागरिकले सूचनाको हकको प्रचलन नबुझी अन्य हकको प्रयोग गर्न सक्दैनन्। यसर्थ सूचनाको हकलाई नागरिकका अधिकार मध्ये सर्वश्रेष्ठ हकको रुपमा स्वीकार गरी छुट्टै कानून निर्माण गर्ने र त्यसको प्रचलनका लागि छुट्टै आयोग गठन गर्ने गरिन्छ। उदाहरणका लागि सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, सम्पत्तीको हक, धार्मिक स्वतन्त्रताको हक, शोषण बिरुद्धको हक, सामाजिक सुरक्षाको हक, देश निकाला बिरुद्धको हक जस्ता बिषयमा छुट्टै कानून निर्माण भएको र आयोग गठन भएको छैन, हुनेवाला पनि छैन।

## सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

१३. सूचनाको हक नागरिकको हक हो । यो हक संचारकर्मीको हक होईन, तर, नागरिकको हैसियतले संचारकर्मीले पनि यो हक उपयोग गर्न नसक्ने कुरै भएन । यो हकमा प्रवेश गर्न सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम लिखित निवेदन दिनु पर्छ । यस्तो निवेदन नदिने, तर मैले सूचना माग्दा पाईँन । मागेको सूचना पाईदैन । सूचनाको हक भनेको देखाउने दाँत मात्रै हो जस्ता नकरात्मक टिप्पणी गर्नुको सट्टा लिखित सूचना माग्ने र पाउने प्रयास गर्नु प्रत्येक संचारकर्मीको पनि कर्तव्य हो ।

१४. सूचनाको हकले अधिक खुलासाको सिद्धान्त स्वीकार गरेको छ । यसबाट सबै सूचना प्रबाह हुँदैन, तर अधिक सूचना प्रबाह हुन्छ भन्ने बुझिन्छ । सूचना माग नगरे पनि प्रबाह भईरहनु पर्छ । यसका लागि प्रत्येक सार्वजनिक निकायले ३।३ महिनामा सूचना सार्वजनिक गर्न थालेका छन् । यसको गुणस्तरीयतामा कसैले पनि प्रश्न उठाएको पाईँदैन । कैयौं महत्वपूर्ण सूचना स्वतः प्रकाशन भएकोमा पनि कसैको ध्यान गएको छैन । केबल आफ्नो दिमागमा उब्जेको सूचना खोजी हिड्ने, सो भन्दा कैयौं गुणा उम्दा सूचना निःशुल्क उपलब्ध भैरहे पनि त्यस तर्फ पारख नगर्ने प्रबृत्तिले पनि सूचनाको हकको प्रभावकारी प्रचलनमा उत्साह नथपिएको हो ।

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

१५. सूचना अधिकारीको नाम र ३।३ महिने स्वतः प्रकाशनको माग मात्रै गरिदिए पनि तत्कालै सूचना अधिकारी तोकिईने र तीन महिने बिवरण प्रकाशित हुने कुरा अनुभवले बताएको छ ।

१६. व्यक्तिलाई जीवनमा आबश्यक पर्ने र कुनै पनि पेशामा रहेकालाई उपयोगी हुने ९९ प्रतिशत सूचना मागे पाईन्छ । तर प्रत्येक व्यक्तिले जीवनमा एकपटक अपवाद स्वरुपका सूचना माग्ने र नपाउने, अनी सूचनाको हक अनुसार सूचना पाईन्न भनी अनर्गल कुरा गर्नाले पनि नागरिकको सूचनाको हकको व्यवहारिक प्रयोगमा बाधा परेको छ ।

१७. नागरिकले कुनै पनि निकायबाट सेवा हासिल गर्न नेतालाई लिएर जानु पर्ने, चिनेको मानिस खोज्नु पर्ने रिसवत खुवाउनु पर्ने वा जी-हजुरी गर्न लाग्ने समय र शक्ति भन्दा कम समय र शक्ति प्रयोग गरी सूचना माग गरे तुलनात्मक रुपमा छिटो र सरल मूल्यमा सूचना पाईन्छ । संचारकर्मीको हकमा पनि अनौपचारिक सम्बन्ध स्थापित गर्न लाग्ने समय र शक्ति कानून बमोजिम सूचना माग गर्दा कम समय र शक्ति लाग्ने हुन्छ । यसले आफ्नो स्वाभिमानको रक्षा पनि गर्छ ।

# सूचनाको हकको सैद्धान्तिक र व्यवहारिक पक्ष

१८. बिद्यमान तमाम बिकृति-बिसंगति, ढिलासुस्ती, भ्रष्टाचार लगायतको निदान पदमा बसेकाले सुधार गरे संभव छ। तिनले पहल नगरे जनस्तरबाट पहल थालनी गर्नुपर्छ यसको ससक्त माध्यम सूचनाको हकको व्यापक प्रयोग हुन सक्छ। भारत लगायतका केही मुलुकमा RTI बाटै सुधारको थालनी संभव भएको छ।

१९. नपोल्ने आगो, नभिजाउने पानी, गुलियो नहुने मह, नकाट्ने खुकरी र तितोपना नहुने नीमले जसरी आफ्ना् अस्तित्व गुमाउँछ, त्यसैगरी नागरिकको हकको प्रयोग नगर्ने देशका जनताले आफ्नो स्तर घटाई आफूलाई रैती/दासको पंक्तीमा पुऱ्याउँन सक्दछन्। हेक्का रहोस्, शासकहरु सधै यसै कुराको ताकमा रहन्छन्।

२०. सूचनाको हकको प्रचलनको सैद्धान्तिक र व्यवहारिक पक्ष प्रथम चरणमा संचारकर्मीले बुझेर आफूले उपयोग गर्नु पर्छ र आम नागरिकलाई उपयोग गराउनु उत्प्रेरित गर्नु पर्छ। यदी संचारकर्मी स्वयंले यस सत् मार्गमा बिचरण आरम्भ नगरे हाम्रो हक संबिधानको कोरा कागजमै सिमित हुने कुरामा ग्यारेण्टी गर्न सकिन्छ।

# सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायलाई तोकेको दायित्व

१. आफ्नो मन्त्रालय/आयोग/समिति/निकायलाई लोकतान्त्रिक पद्दतिमा संचालन गर्नु पर्छ (प्रस्तावना)।

२. आफ्ना काम कारबाही खुला र पारदर्शि गर्नु पर्छ (प्रस्तावना)।

३. नागरिक प्रति जवाफदेही र जिम्मेवार हुनु पर्छ (प्रस्तावना)।

४. आफ्नो निकायमा रहेका सूचनामा नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु पर्छ (प्रस्तावना)।

५. प्रवाह नगरिने ५ प्रकारका सूचना माग भएमा सो सूचना प्रवाह गर्नु नपर्ने उचित र पर्याप्त कारण नभए उपलब्ध गराउनु पर्छ। (दफा ३ को प्रतिबन्धात्मक वाक्य)।

६. नागरिकको सूचनाको हकको सममान र संरक्षण गर्नु पर्छ (दफा ४(१))।

७. सूचना प्रवाहमा दक्षता बृद्धि गर्न कर्मचारीलाई तालीम दिनु पर्छ (दफा ४(२)(घ))।

८. आफ्नो निकायका सामाग्री राष्ट्रिय भाषाहरुमा तथा आम संचार माध्यमबाट प्रकाशित र प्रशारित गर्नु पर्छ (दफा ४(३))।

९. आफ्नो निकाय सम्बन्धी कम्तिमा २० बर्षसम्मका सूचना अद्यावधिक गर्नु पर्छ (दफा ५(२)) ।

१०. प्रत्येक ३।३ महिनामा २० बुँदे स्वतः प्रकाशन गर्नु पर्छ (दफा ५(३)) ।

११. सूचना अधिकारी तोक्नू, सूचना शाखा खडा गर्नू र सूचना अधिकारीलाई नियमित रुपमा सूचना उपलब्ध गराउनु पर्छ (खण्ड-६)

१२. सूचना अधिकारीसँग नागरिकले माग गरेको सूचना तत्काल उपलब्ध गराउन निर्देशन दिनु पर्छ । यदि तत्काल उपलब्ध गराउन नसकिने भए लिखित कारण सहितको पत्र जारी गरी १५ दिन भित्रको समयमा सूचना उपलब्ध गराउने जानकारी दिनु पर्छ (दफा ७) ।

१३. सूचना अधिकारीले माग गरेको सूचना नदिएको भनी आफू समक्ष उजुरी परेमा ७ दिन भित्र सूचना उपलब्ध गराउनु पर्छ (दफा ९) ।

१४. नागरिकले सूचना पाईन भनी आयोगमा पुनरावेदन गरेमा आयोगले बयानको लागि बोलाउन सक्छ । कुनै लिखित पेस गर्न लगाउन सक्छ । यसमा सघाउनु पर्छ ।

१५. आयोगले आफनो निकायमा रहेको सूचना अध्ययन र अवलोकन गर्न सक्छ, यसमा सघाउनु पर्छ (दफा १९) ।

१६. आयोगले आदेश, सुझाव र सिफारिस पठाउन सक्छ । यसको पालना गर्नु पर्छ (दफा १९) ।

१७. सार्वजनिक निकायले आयोगको काम कारबाहीमा सहयोग गर्नु पर्नेछ (दफा २४) ।

१८. सूचनाको बर्गिकरण गर्नु पर्छ (दफा २७) ।

१९. आफूसँग भएको व्यक्तिगत प्रकृतिको सूचना संरक्षण गर्नु पर्छ (दफा २८) ।

२०. आफ्नो निकायमा भएका सूचना मध्ये प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना छुट्याएर राख्नु पर्छ (दफा ३(४)) ।

२१. सूचनादाताको संरक्षण गर्नु पर्छ । सूचना प्रवाह गरेकै आधारमा कारबाही गर्नु हुँदैन (दफा २९) ।

२२. आफूले उपलब्ध गराएको सूचना दुरुपयोग भए आयोगमा उजुरी गर्नु पर्छ (दफा ३१) ।

# सुशासन ऐन, २०६४ का प्रावधानले तोकेको दायित्व

- काम गर्दा निश्चित कार्यबिधि अबलम्बन गर्नुपर्छ (दफा १४)
- निश्चित समय भित्र निर्णय गर्नुपर्छ (दफा १५)
- निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्छ (दफा १६)
- निर्णय गर्दा आधार र कारण खुलाउनुपर्छ (दफा १७)
- सार्वजनिक चासोको बिषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्नुपर्छ ( दफा २०)
- आफ्नो जिम्मेवारी पन्छाउन हुँदैन (दफा २१)
- पदीय वा पेशागत आचरण पालना गर्नुपर्छ (दफा २३)
- पदीय उत्तरदायित्व निर्वाह गर्नुपर्छ (दफा २४)
- नागरिक बडापत्रको व्यवस्था गर्नुपर्छ (दफा २५)

- घुम्ती सेवा संचालन गर्नुपर्छ (दफा २६)
- सेवा प्रदानको सेवा शुल्क न्यायोचित हुने गरी तोक्नुपर्छ (दफा २७)
- जनताको सहभागिता र स्वामित्व खोज्नुपर्छ (दफा २८)
- सार्वजनिक सुनुवाई गर्नुपर्छ (दफा ३०)
- गुनासो व्यवस्थापन गर्नुपर्छ (दफा ३१)
- अरुको अधिकारमा हस्तक्षेप गर्नुहुदैन (दफा ३३)
- सूचना प्रबिधिलाई व्यवहारमा उतार्नुपर्छ (दफा ३७)
- बार्षिक प्रतिवेदन तयार गर्नुपर्छ (दफा ४१)

# आयोगले जारी गरेको केही महत्वपूर्ण आदेशहरु

१. लोक सेवा आयोग/नेपाल बैंक लि./ शिक्षक सेवा आयोग/कृषि बिकास बैंक/नेपाल चार्टर एकाउण्टेन्ट्स संस्थालाई प्रतिस्प्रधात्मक परीक्षाको प्राप्ताङ्क उपलब्ध गराउनू ।

२. लगानी बोर्ड र जिएमआर बीचको अपर कर्णालीको पिडिए संझौता, नेपाल-भारत बीचको पंचेश्वर बहुद्देश्यीय आयोजनाको बिधान, नेपाल र चीन बीच हवाई जहाज खरिद अनुदानको संझौता, नलसिंगाढको परामर्शदाता नियुक्तिका सूचना दिनू ।

३. सबै राजनैतिक दलका प्रमुख, सरकारका सचिबहरु, बैंकर्स र बीमा कम्पनीका कार्यकारी प्रमुखहरुले ३।३ महिने बिवरण सार्वजनिक गर्नू, सूचना अधिकारी तोक्नू र सूचना माग एवं प्रबाहको अद्यावधिक बिवरण राख्नू ।

४. प्रजिअहरुले नागरिक बडापत्रको संगालो प्रकाशित गर्नू र स्थाबिअहरुले जिबिस, नपा र गाबिसको बजेट र कार्यक्रम सार्वजनिक गर्नू ।

५. सरकारका सबै १९ वटा तालीम केन्द्रले आफ्नो पाठ्यक्रममा सूचनाको हक समावेश गर्नू ।

६. सिंहदरबार भित्र रहेका कार्यालयले सहज रुपमा सूचना दिने प्रबन्ध गर्नू ।

७. निर्वाचन आयोगले दल दर्ता गर्दा भेरिफाई गरेको दश हजार मतदाताको समर्थनयुक्त सूचना मागकर्तालाई उपलब्ध गराउनू ।

# आयोगले चासो राखेका बिषयहरु

१. पाठ्यक्रममा सूचनाको हक समावेश गर्नु पर्ने ।

२. गोप्य छाप हटाउनु पर्ने ।

३. कर्मचारीको शपथबाट गोपनीयताको प्राबधान हटाउनु पर्ने ।

४. OGD र OGP को अबधारण लागू गर्नु पर्ने ।

५. प्रादेशिक सूचना आयोग गठन गर्नु पर्ने ।

६. सूचनादाताको संरक्षण गर्ने कानून निर्माण गर्नु पर्ने ।

७. सूचना अधिकारीलाई उत्प्रेरित गर्ने प्याकेज जारी गर्नु पर्ने ।

८. संचारकर्मीलाई निःशुल्क सूचना दिने लगायतको व्यवस्था गर्नु पर्ने ।

९. दण्ड र पुरस्कारको नीतिमा जानु पर्ने ।

१०. व्यापक रुपमा प्रचार प्रसार गर्नु पर्ने ।

# –धन्यबाद–